**निर्णय नं. १ :**
यस नगरपालिका क्षेत्र बाढीबाट अति प्रभावित भएको र यस क्षेत्रका बाटो घाटो मर्मतका लागि नगरपालिकाको स्वीकृत कार्यक्रम र वजेटमा कार्य गरी प्रयोग हुने नदी जन्य सामाग्रीहरु प्रयोग गर्दा कर, राजश्व नतिर्ने गरी व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**
आ. व. २०७४।०७५ को लागि जिल्ला दररेट समितिबाट स्वीकृत जिल्ला दररेट विश्लेषण गरी प्रस्तुत भएको उक्त दररेट एवं विश्लेषण मिति २०७४।०५।२१ देखि लागु गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै ग्रावेलिङ्ग प्रति ट्रयाक्टर तपसिल वमोजिम वडामा तपसिल वमोजिमको दररेट कायम गर्ने निर्णय गरियो ।
तपसिल:
१. रत्ननगर १४ मा रु. १४,००।- (एक हजार चार सय)
२. रत्ननगर १५ मा रु. १५००।- (एक हजार पाँच सय)
३. रत्ननगर १६ मा रु. १४,००।- (एक हजार चार सय)

**निर्णय नं. ३:**
रत्ननगर न. पा. वडा नं. ५ मा बाढीले भत्काएको कुलो निर्माणको लागि ६ ईन्चको९४ मिटर कालो प्लाष्टिकको पाईप खरिद गरी दिने र निर्माण जनसहभागिताबाट गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**
आ. व. २०७४।०७५ को लागि स्वीकृत वजेट र कार्यक्रममा रही प्रत्येक वडाबाट विभिन्न आकारका हुम पाईप माग संकलन गरी खरिदको लागि टेण्डर प्रकृयामा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५:**
यस नगरपालिकामा उपभोक्ता समिति मार्फत नयाँ किरण ईनर्जीबाट निर्माण भएको ६६(छैसठ्ठी) थान सोलार जडान योजना अनुगमन तथा सुपरिवेक्षण समितिबाट आएको प्रतिवेदन अनुसार निर्माण सम्पन्न भई संचालनमा भएकोले भुक्तानी दिने निर्णय गरियो साथै रकम भुक्तानी गर्दा ५% धरौटी कट्टा गरी राख्ने र ५ वर्षमा प्रत्येक वर्ष जम्मा रकमको २०% का दरले फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
रत्ननगर नगरपालिका भित्र विगतदेखि दिदै आएको रक्तदान गर्दा प्रतिव्यक्ति रु. ४० (चालिस) का दरले आयोजक संस्थालाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**
बेवारिसे लास व्यवस्थापन गर्दा तपशिल बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।
तपसिल:
१. मान्छे– रु. १५००।- (एक हजार पाँच सय)
२. ठूला जनावर– रु. ३००।- (तीन सय)
३. साना जनावर– रु. १५०।- (एक सय पचास रुपैंया)

**निर्णय नं. ८:**
मिति २०७४ श्रावण २८ गते आएको बाढीबाट भएको धनजनको क्षति पछि तत्काल गरेको राहत तथा उद्धारको लागि वडा नं. ५, ६, ७, ८ र ९ बाट खर्च भएको ४,५४,९०१।६९ (चार लाख चवन्न हजार नौ सय एक रुपैंया र पैसा उनान्सत्तरी मात्र) रकम भुक्तानी गर्ने निर्णय गरियो ।
**निर्णय नं. ९:**
बाल दिवस कार्यक्रम गर्न न.पा.को सम्बन्धित कोष/आकस्मिक कोषबाट खर्च हुने गरी रु. २१,०००।०० (एक्काईस हजार मात्र) दिने निर्णय गरियो ।

नारायण वन
नगर प्रमुख